# गौरीगङ्गा राजपत्र

## गौरीगङ्गा स्थानीयतह कर्मचारी वृत्ति विकास ऐन, २०७८

खण्ड ५ चौमाला, कैलाली माघ २२ गते बुधवार, २०७८ साल, (संख्या १०)

भाग -१

## गौरीगङ्गा स्थानीय तह कर्मचारी वृत्ति विकास ऐन, २०७८

प्रस्तावनाः कर्मचारी समायोजन ऐन २०७५ को दफा ७ को उपदफा )४( मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाई स्थानीय तहमा समायोजन गर्दा सेवा अवधि र शैक्षिक योग्यताका आधारमा तह मिलान तथा ग्रेड वृद्धि (तलब वृद्धि) गरिएको भएता पनि सोही ऐनको दफा ६ को उपदफा )४ ( बमोजिम साबिकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई हाल यस नगरपालिकामा कार्यरत कर्मचारीहरूको वृत्ति विकास लगायत तह वृद्धि सम्बन्धी कुनै व्यवस्था नभएको सन्दर्भमा ती कर्मचारीहरुको समानताको हकलाई प्रवर्धन गरी नगरपालिकाको कार्यसम्पादन प्रभावकारी बनाउन तथा कर्मचारीहरूमा उत्प्रेरणा र प्रोत्साहन प्रदान गर्नका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ५७ )४( तथा अनुसूची) को सुची नं ८-५ ,(स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ उपदफा )२( को खण्ड )ङ( तथा कर्मचारी समायोजन ऐन २०७५ को दफा २३ को अधिकार कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ बमोजिम गौरीगङ्गा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद -एक

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः“ यस ऐनको नाम (१) गौरीगङ्गा नगरपालिका कर्मचारी तह बृद्धि ऐन , ”२०७८ रहेको छ ।

यो ऐन तुरुन्तै (२)लागू हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले गौरीगङ्गा स्थानीय तह कर्मचारी वृत्ति विकास ऐन २०७८ ,लाई सम्झिनुपर्छ ।

(ख) **"कर्मचारी"** भन्नाले साबिक स्थानीय निकायमा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐनबमोजिम समायोजन भई २०७५, हाल गौरीगङ्गा नगरपालिकामा कार्यरत कर्मचारीलाई सम्झिनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले गौरीगंगा नगरपालिकाको कार्यपालिकालाई सम्झिनु पर्छ ।

(घ) **"नगर सभा"** भन्नाले गौरीगंगा नगरपालिकाको नगर सभालाई सम्झिनु पर्छ ।

(ङ) **"नगरपालिका"** भन्नाले गौरीगङ्गा नगरपालिका कैलालीलाई सम्झिनु पर्छ ।

(च) **" नगर प्रमुख"** भन्नाले गौरीगंगा नगरपालिकाको नगर प्रमुखलाई सम्झिनु पर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐनको २०७४ , बमोजिम कार्य ८४ दफा गर्न खटाइएको नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झिनु पर्छ ।

## परिच्छेद -दुई

## तह वृद्धि तथा प्रोत्साहन सुविधा सम्बन्धी विशेष व्यवस्था

३. <u>तह वृद्धि तथा प्रोत्साहन सुविधा सम्बन्धी विशेष व्यवस्था:</u> (१) साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई मर्मचारी समायोजन ऐन बमोजिम समायोजन भइ २०७५,हाल यस नगरपालिकामा कार्यरत कर्मचारीहरूको एक पटकको लागि तह बृद्धि देहाय बमोजिम गरिनेछ ।

| साविकको पद तथा तह | सेवा अवधी र शैक्षिक योग्यता | हाल समायोजन हुने तह | समायोजन हुँदा कायम हुने ग्रेड |
|---|---|---|---|
| श्रेणी बिहीन पहिलो तह | पाँच वर्ष वा पाँच बर्ष भन्दा बढी सेवा अवधि | श्रेणी बिहीन दोस्रो तह | |
| श्रेणी बिहीन दोस्रो तह | पाँच वर्ष वा पाँच बर्ष भन्दा बढी सेवा अवधि | श्रेणी बिहीन तेस्रो तह | |
| श्रेणी बिहीन तेस्रो तह | पाँच वर्ष वा पाँच बर्ष भन्दा बढी सेवा अवधि | श्रेणी बिहीन चौथो तह | |

गौरीगंगा राजपत्र

| **साविकको पद तथा तह** | **सेवा अवधी र शैक्षिक योग्यता** | **हाल समायोजन हुने तह** | **समायोजन हुँदा कायम हुने ग्रेड** |
|---|---|---|---|
| श्रेणी बिहीन चौथो तह | पाँच वर्ष वा पाँच बर्ष भन्दा बढी सेवा अवधि | श्रेणी बिहीन पाँचौ तह | |
| श्रेणी बिहीन पाँचौ तह | पाँच वर्ष वा पाँच बर्ष भन्दा बढी सेवा अवधि | खाईपाई आएकोमा दुई ग्रेड थप | |
| सहायक स्तर तृतीय / मुखिया | पाँच वर्ष भन्दा कम सेवा अवधि | - | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच बर्ष भन्दा बढी सेवा अवधि | सहायक स्तर चौथो | - |
| सहायक स्तर चौथो | पाँच वर्ष भन्दा कम सेवा अवधि | सहायक स्तर चौथो | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच बर्ष भन्दा बढी सेवा अवधि | सहायक स्तर पाँचौ | - |
| सहायक स्तर पाचौ | पाँच बर्ष भन्दा कम सेवा अवधि | | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच बर्ष वा सो भन्दा बढी सेवा अवधी पुरा गरेको र न्यूनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृत स्तर छैटौ | - |
| अधिकृत स्तर छैटौ | पाँच बर्ष भन्दा कम सेवा अवधि | अधिकृत स्तर छैटौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच बर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरेको र न्यूनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृत स्तर सातौ | |

गौरीगङ्गा राजपत्र

(२) उपदफा (१) का अतिरिक्त स्तर वृद्धिका लागि थप देहायका आधारहरु लिनु पर्नेछ ।

(क) ज्येष्ठता
(ख) शैक्षिक योग्यता
(ग) तालिम (कार्य दिन बराबरको ३० न्यूनतम)
(घ) कार्य सम्पादन मूल्याङ्कन
(ङ) पछिल्लो दुई वर्षमा कुनै पनि विभागीय सजाय नपाएको

(३) यस दफाको प्रयोजनका लागि नगरपालिकाले सूचना प्रकाशन गर्नेछ र यसरी सूचना प्रकाशन भएको मिति ७ दिन भित्र अनुसूची १ बमोजिम सम्बन्धित कर्मचारीले निवेदन पेस गर्नु पर्नेछ ।

४. <u>तलबमान कायम गरिने</u>: अपुग रकम बराबरको ग्रेड र कर्मचारीलाई वृत्ति विकास तथा प्रोत्साहन सुविधा उपलब्ध गराउँदा कायम हुने नयाँ तलवमान निजले खाइपाई आएको साबिक तलवमान भन्दा कम हुने भएमा अपुग रकम बरावरको ग्रेड थप गरी तलवमान कायम गरिने ।

५. <u>पदस्थापन सम्बन्धी व्यवस्था</u>: यस ऐनको दफा ३ बमोजिमको तह वृद्धिलाई प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गरी तह तथा स्तर वृद्धि भएका कर्मचारीहरुको मिल्दो सेवा समूहको पदमा अनुसूची २ बमोजिम पदस्थापन पत्र दिनु पर्नेछ ।

## परिच्छेद -तीन

## विविध

६. <u>थप ग्रेड</u>: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम उपलब्ध गराइएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी हुने गरी दिइने छैन ।

७. <u>यस ऐन बमोजिम हुने</u>: यस ऐन मा लेखिएको कुरा यसै ऐन बमोजिम हुनेछ। अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

गौरीगङ्गा राजपत्र

अनुसूची १

*)दफा ३ )३( संग सम्बन्धित(*

**गौरीगङ्गा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

चौमाला ,कैलाली

मिति ....................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गौरीगङ्गा नगरपालिका कैलाली

बिषयः तह वृद्धि सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिकाबाट मिति ................मा प्रकाशित सूचना अनुसार देहायको बिवरणका साथ स्तर बृद्धिका लागि यो निवेदन पेश गरेको छु ।

<u>तपसिल</u>

(क) नाम....................................

(ख) ठेगाना .....................................

(ग) कर्मचारी संकेत नं..............................

(घ) सेवा प्रवेश गरेको मिति ......................

(ङ) सेवा प्रवेश गर्दाको पद/तह................/..............

(च) यस नगरपालिकामा समायोजन भएको पद र मिति .................

(छ) हाल कार्यरत पद ...............................

खाइपाई आएको ग्रेड (ज).........................

(झ) तह बृद्धि हुन चाहेको पद ..........................ग्रेड .............................

<u>निवेदक</u>

नाम....................

हस्ताक्षर...............

मिति .................

अनुसूची २

गौरीगङ्गा राजपत्र

*)दफा ५ संग सम्बन्धित(*

**गौरीगङ्गा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

चौमाला, कैलाली

प.सं.–

च.नं.–

मितिः– ..................

श्री ..................................ज्यू

।.........................................

**विषयः– तह वृद्धी तथा पदस्थापना गरिएको ।**

यस गौरीगङ्गा नगरपालिकाको गौरीगङ्गा स्थानीय तह वृत्ति विकास ऐन बमोजिम २०७८ ,यस कार्यालयको मिति हुने गरी गते देखि लागु................... को निर्णयानुसार मिति.................. तपाईलाई देहाय बमोजिमको पद तथा तहमा पुल दरबन्दीमा रहने गरि तह वृद्धी तथा पदस्थापन गरीएको छ ।

तह वृद्धि गरी पदस्थापन गरिएको छ। तह वृद्धि सहित पदस्थापन हुनु भएकोमा हार्दिक बधाईका साथै उज्वल भविष्यको कामना गरिन्छ ।

| हाल कार्यरत पद तथा तहको बिवरण | वृद्धि भएको पद तथा तहको बिवरण |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समूह : | पद :<br>तह :<br>सेवा :<br>समूह : |

( (................................

प्रमुख प्रशासकीय

अधिकृत

**<u>बोधार्थ</u>**

श्री प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सुदुरपश्चिम प्रदेश, धनगढी, नेपाल ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार (कर्मचारी प्रशासन महाशाखा), काठमाडौं ।

श्री कर्मचारी संचयकोष, त्रिदेबीमार्ग ठमेल, काठमाण्डौं ।

श्री नागरिक लगानी कोष, नयाँबानेश्वर, काठमाण्डौं ।

गौरीगङ्गा राजपत्र

श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय, धनगढी, कैलाली ।
श्री आर्थिक प्रशासन शाखा, गौरीगंगा नगरपालीका, नगर कार्यपालिकाको कार्यालय, कैलाली ।

आज्ञाले
हरिदत्त भट्ट
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजप